आज मिति २०७७।०८।२१ गतेका दिन यस चौदण्डीगढी न०पा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १०८ औं बैठक तपसिलको उपस्थितिमा बसियो ।

## तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री ध्रुवराज आचार्य - प्रमुख प्रशासकीय अधिकृत
४. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
५. श्री सन्तोष सुवेदी - ,, २
६. श्री पशुराम राई - ,, ३
७. श्री चरण कुमार राई - ,, ४
८. श्री देव नारायण चौधरी - ,, ५
९. श्री कमलध्वज राई - ,, ६
१०. श्री तेजराज लिम्सिना - ,, ७
११. श्री श्याम कुमार मगर - ,, ८
१२. श्री प्रकाश राउत - ,, ९
१३. श्री राम कुमार खड्का - ,, १०
१४. श्री देवि कार्की - न०का०स०
१५. श्री ज्ञानुका कमर - ,,
१६. श्री मदन कुमारी कार्की - ,,
१७. श्री विमला राई - ,,
१८. श्री अस्मिता नेपाली - ,,
१९. श्री प्रमिला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,

आमन्त्रित:-
श्री मिना कुमारी तामाङ - लघु उद्यम विकास कार्यक्रम

## प्रस्तावहरु :-

१. स्वास्थ्य बीमाको रकम भुक्तानी सम्बन्धमा ।
२. प्रा० स्वा० केन्द्रमा कोभिड अस्पताल सञ्चालन गर्ने सम्बन्धमा ।
३. स्टाफ नर्स करार गर्ने सम्बन्धमा ।
४. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
५. कार्यालय सहयोगीको करार सम्बन्धमा ।
६. शहरी स्वास्थ्य केन्द्र (आधारभूत स्वास्थ्य केन्द्र) को माग सम्बन्धमा ।
७. जग्गा सट्टापट्टा अनुमति दिने सम्बन्धमा ।
८. 'क' वर्गको निर्माण इजाजत दिने सम्बन्धमा ।
९. ज्योति जनता बहुमुखी क्याम्पसको माग सम्बन्धमा ।
१०. गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम समिति गठन सम्बन्धमा / लघु उद्यम विकास शाखा स्थापना सम्बन्धमा

गरिबी निवारणका लागि

११. लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०७८ बारे अभिमुखीकरण सम्बन्धमा ।

१२. वार्षिक कार्यालय संचालन तथा प्रशासनिक बजेट खर्चको बाँडफाँड सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धमा ।

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस न.पा. द्वारा गत आश्विन २०७८/०८/०८ मा विराट इन्टरनेशनल रिफ्रेन्स ल्याब प्रा.लि.को प्राविधिक सहयोगमा संचालन भएको स्वास्थ्य शिविरको ल्याब खर्च रकम रु. ११,१००/- भुक्तानी गर्नुपर्ने भएकोले चालु आ.व. मा स्वास्थ्य तर्फ स्वास्थ्य शिविर संचालन शीर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल सरकारबाट हाल अस्पताल संचालन भएका सबै पालिकाहरूमा कम्तिमा ५ बेडको कोभिड अस्पताल संचालन गर्ने गरी बजेटको समेत व्यवस्था भएको हुँदा यस न.पा.को प्रा.स्वा.के. बेलयाको नजिकको रामप्रसाद राई रंगशालाको भवनमा न.पा.ले ~~सं~~ आइसोलेसन सेन्टर~~को लागि~~ तयार गरेको हुँदा उक्त भवनमा ५ बेडको कोभिड अस्पताल प्रा.स्वा.के. बेलया अन्तर्गत संचालन गर्ने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.ले कोभिड अस्पताल संचालनको लागि स्टाफ नर्स करार सेवामा छनौट गर्ने सम्बन्धमा न.पा. बाट सूचना प्रकाशन भई छनौट प्रक्रिया मार्फत २ जनालाई करार नियुक्ति गरिएको र निजहरूलाई कोभिड अस्पतालमा खटाइएकोमा उक्त कोभिड अस्पतालको लागि थप स्वास्थ्य कर्मी आवश्यक परेको हुँदा उक्त परीक्षामा सामेल भई वैकल्पिक सूचीमा परेका तपसिल अनुसारका व्यक्तिहरूलाई यस न.पा.को कोभिड अस्पतालमा खटाउने गरी स्टाफ नर्स पदमा मिति २०७८/ गते बाट लागू हुने गरी करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो । साथै कोभिड अस्पतालको लागि औजार उपकरण खरिदको लागि प्राप्त बजेटबाट न.पा.को स्वास्थ्य शाखाबाट माग भए बमोजिमका सामानहरू प्रचलित कानुन बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो

| खरिद गर्नुपर्ने सामानहरू | करार गर्ने वैकल्पिक उम्मेदवारहरू:- |
|---|---|
| १. Oxygen Concentrater | १. ज्योति लिम्बाङ वै.नं.-६ |
| २. Vital Moniter | २. प्रमिला थापा - वै.नं.-६ |
| ३. Pulse Oxymeter | ३. दिव्यज्योति कुमारी चौधरी - वै.नं.-९ |
| ४. Oxygen Cylinder | |

नोट:- निज ३ जना स्टाफ नर्सलाई न.पा.को करार सेवाशर्त बाट मासिक सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकारले बिपन्न नागरीक राहत कोष मार्फत उपचार सहुलियत उपलब्ध गराउन निर्धारण गरेका दिर्घ रोगहरु मध्यका रोगीहरुले यस नगरपालिकामा दिएको निवेदन अनुसार निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराउने सर्वसहमत निर्णय गरियो ।

| सि.नं. | बिरामीको नाम | ठेगाना | सहयोग रकम | रोगको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री टिका प्रसाद राई | चौ.न.पा. ७ | ५०००० | क्यान्सर | |
| २ | श्री फुलमाया कमीनी | चौ.न.पा. २ | १०००० | मुटु रोग | औषधि सेबन |
| ३ | श्री मो. अफजल मिया | चौ.न.पा. ५ | २००० | आंखा रोगी | |
| ४ | श्री अनिसा राई | चौ.न.पा. ४ | ५०००० | क्यान्सर | |
| ५ | श्री पन्नाकुमारी राई | चौ.न.पा. ३ | ५०००० | क्यान्सर | |
| ६ | श्री अर्जुन राई | चौ.न.पा. ८ | ५०००० | मृगौला रोग | डाइलाइसिस |
| ७ | श्री गणेश प्रसाद पोखरेल | चौ.न.पा. ९ | ५०००० | क्यान्सर | |
| ८ | श्री सागर सदा | चौ.न.पा. २ | ५००० | | बिरामी पुर्जा नभएको |
| ९ | श्री रुद्रबहादुर मगर | चौ.न.पा. १० | २००० | टि.बी. | |
| १० | श्री प्रथमकुमार चौधरी | चौ.न.पा. ९ | ५०००० | मृगौला रोग | डाइलाइसिस |
| ११ | श्री टिकाकुमारी थापा | चौ.न.पा. ९ | ५०००० | मृगौला रोग | डाइलाइसिस |
| १२ | श्री गंगामाया महाराजी | चौ.न.पा. ६ | ५०००० | पार्किन्सन्स | |
| १३ | श्री खड्गबहादुर कार्की | चौ.न.पा. ९ | १०००० | मुटु रोग | औषधि सेबन |
| १४ | श्री बिष्णुमाया कार्की | चौ.न.पा. ९ | १०००० | मुटु रोग | औषधि सेबन |
| | जम्मा | | ४३९००० | | |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकारले बिपन्न नागरीक राहत कोष मार्फत उपचार सहुलियत उपलब्ध गराउन निर्धारण गरेका दिर्घ रोगहरु मध्यका रोगीहरुले यस नगरपालिकामा निबेदन दिएका मध्य चौदण्डीगढी नगरपालिका वडा नं. ६ का मदनबहादुर कोईरालाको उपचारको क्रममा मृत्यु भएको तर नगर कार्यपालिकाको बैठक चाडपर्ब र अन्य कारण बस्न नसकेकाले निर्णय हुन नसेकाले परिवारलाई उपचारमा भएको खर्चमा राहत होस भनि सोही प्रकृतिका रोगीलाई दिने सहयोग बराबर हुने गरी रु.५०००० पचास हजार आर्थिक सहयोग उपलब्ध गराउने सर्बसहमत निर्णय गरियो ।

Scanned with CamScanner

नि.नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा यस न.पा.मा कार्यालय सहयोगी पदमा कार्यरत पुजा थापा मगरले दिएको राजिनामा स्वीकृत भएको र निजको निवेदन अनुसार निजको घरको आर्थिक अवस्था कमजोर रहेको र निजकै बहिनीले उक्त पदमा काम गर्न पाऊँ भनी निवेदन दिएको हुँदा निवेदक तिर्था थापा मगरलाई साविककै सेवा सुविधा बराबरको सेवा - सुविधा हुने गरी मिति २०७७।०७।२३ गते बाट लागू हुने गरी कार्यालय सहयोगी पदमा करार सेवा नियुक्ति गर्ने निर्णय गरीयो ।

नि.नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा यस न.पा.को वडा नं.३ आम्भाल मा नेपाल र जापान सरकारको संयुक्त लगानीमा शहरी स्वास्थ्य केन्द्र (आधारभूत स्वास्थ्य केन्द्र) भवन निर्माण भएको हुँदा उक्त भवनको लागि नपाले जोडकोष बापत उपलब्ध गराउनु पर्ने रकम रु.२०,००,०००।- (बीस लाख) यस न.पा.को समपुरक कोष तर्फ विनियोजित रकम बाट उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त नयाँ भवनमा स्वास्थ्य सेवा संचालन गर्नको लागि आवश्यक थप स्वास्थ्य कर्मी, ल्याब, औजार उपकरण तथा फर्निचर लगायतका सामाग्रीहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

नि.नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यस न.पा.को वडा नं.४ बस्ने राम बहादुर राईको माग निवेदन अनुसार निजको जग्गा सम्याउँदा ५४६.२५ घ.मी. मिक्स-ग्राभेल निस्कने भएको हुँदा यस न.पा. स्वीकृत रेन अनुसार व्यक्तिको नम्बरी जग्गा बाट ३००० घ.मी. सम्मको ~~IEE~~ नदीजन्य पदार्थ IEE नगरी राजस्व लिई सम्याउन सकिने भएकोले निजलाई नियमानुसार राजस्व लिई जग्गा सम्याउन तथा उक्त कार्यबाट निस्कने ग्राभेल निकासी गर्न ~~दिने~~ । अनुमति दिने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा यस न.पा.मा घ वर्गको निर्माण इजाजत अनुमतिको लागि पेश भएका तपसिल अनुसारका फर्महरुलाई घ वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

तपसिल

1. कार्की एण्ड आदर्श कन्स्ट्रक्शन - चौ.न.पा.-१०, प्रो. प्रदिप कार्की
2. सामातादगो निर्माण सेवा - चौ.न.पा.७ : प्रो. राज खड्का ।

Scanned with CamScanner

निं.नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा यस न.पा.को वडा नं.६ मा संचालित ज्योति जनता बहुमुखी क्याम्पसको माग निवेदन अनुसार उक्त क्याम्पस भवन निर्माण तथा शिक्षक कर्मचारी व्यवस्थापन लगायतको लागि शैक्षिक अनुदानको रुपमा तपसिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

(१) भवन निर्माण :- नपाको ममत सम्भार, भैपरी तथा विपद् व्यवस्थापन शीर्षकबाट रु.२००,०००।- उपलब्ध गराउने।
(२) शैक्षिक अनुदान :- नपाको शिक्षा शाखा तर्फ विनियोजित बजेटको शिक्षक सपोर्ट शीर्षकमा विनियोजित रकमबाट रु.७,२०,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो।

निं.नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा नेपाल सरकारबाट जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २२ अनुसार यस नगरपालिकाको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख - संयोजक
२. श्री श्याम कुमार मगर - आर्थिक समिति संयोजक - सदस्य
३. श्री ध्रुवराज आचार्य - प्र.प्र.अधिकृत - सदस्य
४. श्री विमला राई - कार्यक्रम लागू भएको वडाको महिला सदस्य - सदस्य
५. श्री अनिता श्रेष्ठ - महिला उद्यमी - सदस्य
६. श्री नारायण पण्डित - शाखा प्रबन्धक - रा.वा. बैंक बेल्का - सदस्य
७. श्री सत्यनारायण हुजदार - शाखा प्रमुख - सदस्य सचिव

साथै गरिबी निवारणका लागि लघु उद्यम विकास तथा उद्यमशीलता सम्बन्धी अन्य कार्य गर्नका लागि यस न.पा. मा उद्यम विकास शाखा स्थापना गर्ने र शाखा प्रमुखको रुपमा अर्को व्यवस्था नभए सम्मका लागि सामाजिक विकास शाखा प्रमुख श्री सत्य नारायण हुजदारलाई तोक्ने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा नेपाल सरकारद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ को सम्बन्धमा श्री [illegible]को सहजीकरणमा नगर कार्यपालिकामा अभिमुखीकरण कार्यक्रम संचालन गरियो। साथै उक्त कार्यविधि बमोजिम लघु उद्यम विकास सम्बन्धी कार्यक्रम नपाको समेत आर्थिक सहयोगमा संचालन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. १२,
यस चौदण्डीगढी नगरपालिकाबाट सञ्चालन हुने नगरस्तरीय वडास्तरीय विभिन्न तालिम गोष्ठी अन्तरक्रिया लगायतका कार्यक्रमहरु संचालन गर्नुपर्दा प्रतिदिन बजेटको अधिकतम नर्म्स तपशिल बमोजिम कायम गरी **वार्षिक कार्यालय संचालन तथा प्रशासनिक बजेट खर्चको बाँडफाँड सम्बन्धि कार्यविधि, २०७७** लागु गर्ने निर्णय गरियो ।

| सि.न. | विवरण | वडा स्तर | न.पा. स्तर | कैफियत |
|---|---|---|---|---|
| १ | चिया/खाजा नास्ता खर्च प्रति जना | रु.१००/- | रु. १५०/- | खाना समेत खुवाउनु पर्ने भएमा पुष्ट्याई सहित अग्रिम स्वीकृति लिएमा खाना खर्च रु. ३००/- र खाजा खर्ज रु. १५०/- मात्र |
| २ | मसलन्द (स्टेसनरी) खर्च प्रति जना | रु.१००/- | रु. १००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ३ | Handout कार्यपत्र | रु. ५००/- | रु. ८००/- | प्रति सेसन |
| ४ | प्रशिक्षक भत्ता (प्रति सेसन) अधिकृत स्तर प्रशिक्षकका लागि | रु.१५००/- | रु. २०००/- | प्रति सेसन |
| ५ | प्रशिक्षक भत्ता (प्रति सेसन) सहायक स्तर प्रशिक्षकका लागि | रु.१०००/- | रु. १५००/- | |
| ६ | कार्यक्रम योजक/प्रतिवेदक भत्ता (१ जना) | रु. ८००/- | रु. १०००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ७ | सहयोगिभत्ता (१ कार्यक्रममा बढीमा २ जना भन्दा बढी नहुने गरी) | रु. ३००/- | रु. ३००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ८ | हल भाडा (न्युनतम दरमा) | प्रचलित दर अनुसार | प्रचलित दर अनुसार | प्रति दिनको |
| ९ | फ्लेक्स ब्यानर (आकारका आधारमा) | प्रचलित दर अनुसार | प्रचलित दर अनुसार | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| १० | मसलन्द खर्च प्रशिक्षण कार्यका लागि | रु.२०००/- | रु. २५००/- | कार्यक्रम अवधिभरको एकमुष्ठ |
| ११ | विविध | रु. १०००/- मा नबढ्ने गरी | | कार्यक्रम अवधिभरको एकमुष्ठ |

नोटः- यसमा उल्लेख नभएका र लामो अवधिको लागि तालिम तथा कार्यक्रम सञ्चालन भएमा तालिम कार्यक्रमको प्रकृति अनुसार कार्यक्रमको प्रस्ताव तथा लागत अनुमान स्वीकृत गराए बमोजिम हुनेछ । साथै विशेष महत्वका कार्यक्रम स्तरीय होटेल, रेष्टुरेन्ट, ब्यांक्वेट वा क्याटरिङमा गर्नुपर्ने भएमा कार्यक्रमको औचित्यता र कारण पुष्ट्याई गरी खाजा बढिमा रु.२५०/- र खाना बढिमा रु. ५००/- तथा खाजा र खाना दुवै गर्नुपर्ने भएमा बढीमा एकमुष्ट रु. ६००/- ननाघ्ने गरी नगर प्रमुखबाट स्वीकृती गराई गर्न सकिने ।साथै आवाशिय तालिमको हकमा बढीमा रु१५००।- श्रोतको उपलब्धता अनुसार प्रतिव्यक्ती प्रतिदिन खान बस्न सहित ।